सूर्यविनायक नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर
बागमती प्रदेश नेपाल


प.सं:-०७९।०८०
च.नं. :-

मितिः- २०७९।०८।२३

विषयः- भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी सूर्यविनायक नगरपालिकाको सूचना।

भू-उपयोग ऐन,२०७६ तथा भू-उपयोग नियमावली, २०७९ मा भएको व्यवस्था बमोजिम यस नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण गर्ने क्रममा भू-उपयोग नियमावली, २०७९ को अनुसूची-१ को अलावा कृषि र गैरकृषि क्षेत्र तोक्दा मूख्य रुपमा सडक/बाटोको पहुँचलाई आधार मानी भूउपयोग क्षेत्र वर्गीकरण गरिएको व्यहोरा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

सडक/बाटोको वर्गीकरण र कायम हुने क्षेत्र

| क्र.सं. | बाटोको चौडाई | बाटोको वर्गीकरण | कायम हुने क्षेत्र | |
|---|---|---|---|---|
| | | | व्यावसायिक | आवासीय |
| १ | १४ मिटर वा सो भन्दा बढी चौडाई | क वर्ग | १०० मिटर दायाँ बायाँ | व्यावसायिक भन्दा पछाडिको १५० मिटर दायाँ बायाँ |
| २ | १० मिटर देखि १४ मिटर भन्दा कम चौडा | ख वर्ग | ५० मिटर दायाँ बायाँ | व्यावसायिक भन्दा पछाडिको ७५ मिटर दायाँ बायाँ |
| ३ | ६ मिटर देखि १० मिटर भन्दा कम चौडाई | ग वर्ग | - | १०० मिटर दायाँ बायाँ |
| ४ | ६ मिटर भन्दा कम चौडाई | घ वर्ग र *अन्य सडक/बाटो | - | ५० मिटर दायाँ बायाँ |

द्रस्टव्यः-

१. '*अन्य सडक/बाटो' भन्नाले गोरेटो/घोडेटो बाटो, साविकको राजकुलो बाटोको रुपमा रुपान्तरण भैसकेको हकमा त्यस्तो बाटो, खोल्सी/खोलाको कोरिडोरको बाटो, सार्वजनिक, पर्ति, वन क्षेत्र, सम्पदाको मापदण्डमा रहेको बाटोलाई जनाउनेछ।

२. नापी नक्सामा बाटो नभएको तर परम्परागत रुपमा अथवा चलन चल्तीमा बाटोको रुपमा प्रयोग भएको जग्गाको हकमा नगरपालिकाको भवन निर्माण तथा घरनक्सा पास कार्यविधि, २०७८ बमोजिम सार्जमीन मुचुल्का गरी बाटो कायम भएकोमा त्यस्तो बाटो 'घ' वर्गको हुने र त्यस्तो बाटोको ५० मिटर दायाँ बायाँ आवासीय क्षेत्र हुनेछ।



रविन्द्र सापकोटा
प्रवक्ता

सूर्यविनायक नगरपालिका
नगरकार्यपालिकाको कार्यालय
कटुञ्जे, भक्तपुर
बागमती प्रदेश नेपाल

प.सं:-०७९।०८०
च.नं. :-

३. राष्ट्रिय महत्वका प्राकृतिक तथा भौतिक सम्पदा, अन्तरराष्ट्रिय पहिचान र मानवीय आस्था बोकेका धार्मिक एव सांस्कृतिक महत्वका स्थानहरु, शैक्षिक तथा स्वास्थ्य संस्था, सडक, कूलो, नहर, पर्यटन, औद्योगिक तथा सार्वजनिक उपयोगमा प्रयोग हुने अस्पताल, रंगशाला, कभर्डहल लगायत ठूला पूर्वाधार संरचना तथा अन्य गैर कृषि उपयोगहरू आवश्यकताको आधारमा उल्लेख गरिनेछ।

४. सडक/बाटोको वर्गीकरणले नसमेटेको क्षेत्र हाललाई कृषि क्षेत्र हुने र त्यस्तो जग्गा तोकिएको मापदण्ड पूरा भएपछि स्थानीय भूउपयोग परिषदको निर्णयले आवधिक रुपमा आवश्यकतानुसार कृषि क्षेत्रबाट अन्य क्षेत्रमा भूउपयोग क्षेत्र परिवर्तन हुनेछ।

५. उपरोक्त मापदण्ड अनुसार स्थानीय भूउपयोग कार्यान्वयन समितिले परामर्शदाताको सहयोगमा तयार पारेको यस नगरपालिकाको भूउपयोग क्षेत्र वर्गीकरण सम्बन्धी विस्तृत प्रतिवेदन तथा भूउपयोग नक्सा यथाशीघ्र सम्बन्धित सबैको जानकारीको लागि उपलब्ध गराइने छ।

रविन्द्र सापकोटा
प्रवक्ता


फोन नं.: ०१-६६१२१९३, ६६१२४४३ इमेल ठेगाना: official@suryabinayakmun.gov.np, eo@suryabinayakmun.gov.np